मध्यपश्चिम विश्वविद्यालय

# परीक्षा व्यवस्थापन कार्यालय

सुर्खेत, नेपाल

सत्रान्त परीक्षा - २०८०

तह : एम.एड./ प्रथम सेमेस्टर — पूर्णाङ्क: ६०

समय: ३ घण्टा — उत्तीर्णाङ्क: ३०

विषय: भाषाविज्ञान (नेपा.शि. ५१३)

---

*परीक्षार्थीहरूले मौलिक तथा सिर्जनात्मक ढङ्गले उत्तर दिनुपर्नेछ।*

## समूह 'ख'

तलका प्रश्नहरूको सङ्क्षिप्त उत्तर लेख्नुहोस्। ६×५= ३०

१. भाषाको परिचय र यसका मूलभूत विशेषता उल्लेख गर्नुहोस्।

२. भाषाविज्ञानका विभिन्न शाखाहरूको छोटकरीमा चर्चा गर्नुहोस्।

३. भाषा वैज्ञानिक आधारमा नेपाली भाषाका स्वर ध्वनिहरूको वर्गीकरण गर्नुहोस्।

अथवा

मानस्वरको परिचय प्रस्तुत गर्दै प्रधान मानस्वरलाई चिनाउनुहोस्।

४. नेपाली भाषाबाट उदाहरण दिई वर्णविश्लेषणका सिद्धान्तको व्याख्या गर्नुहोस्।

५. ध्वनि विज्ञानका प्रमुख शाखा र तिनको अध्ययन कार्य स्पष्ट गर्नुहोस्।

६. रूपायन र व्युत्पादन प्रक्रिया उल्लेख गर्दै यी दुईमा भिन्नता देखाउनुहोस्।

अथवा

सन्धिको परिचय दिदै आन्तरिक र वाह्य सन्धिलाई उदाहरणसहित चिनाउनुहोस्।

## समूह 'ग'

तलका प्रश्नहरूको लामो उत्तर लेख्नुहोस्। २x१०= २०

७. चमस्कीको रूपान्तरण व्याकरणका आधारभूत अवधारणाको सविस्तार चर्चा गर्नुहोस्।

८. संरचनात्मक अर्थविज्ञान र अर्थगत सम्बन्धको विभिन्न अवस्थालाई उदाहरणसहित प्रस्तुत गर्नुहोस्।

अथवा

अर्थविज्ञानको परिचय दिई यसका प्रकारलाई उदाहरणसहित स्पष्ट गर्नुहोस्।

समाप्त

मध्यपश्चिम विश्वविद्यालय

# परीक्षा व्यवस्थापन कार्यालय

सुर्खेत, नेपाल

सत्रान्त परीक्षा - २०८०

तह : एम.एड./ प्रथम सेमेस्टर

विषय: भाषाविज्ञान (नेपा.शि. ५१३)

रोल नं. ........................

## समूह 'क'

**तलका दिइएका बहुवैकल्पिक प्रश्नहरूको सही उत्तर छान्नुहोस् । १०x१= १०**

१. भाषाका शब्दभण्डारमा नयाँ शब्द थपिने र भएका शब्द हराउँदै जानु कस्तो विशेषता हो ?
(क) सिर्जनात्मकता (ख) खुला व्यवस्था
(ग) परिवर्तनशीलता (घ) अन्तर्विनिमय क्षमता

२. परिपूरक वितरणमा आउने भाषिक एकाइ कुन हो ?
(क) ध्वनि (ख) वर्ण
(ग) संवर्ण (घ) लघुत्तम युग्म

३. ओष्ठ्य, स्पर्शी, महाप्राण र सघोष ध्वनि कुन हो ?
(क) प् (ख) फ्
(ग) व् (घ) भ्

४. व्याकरणात्मक कोटिका आधारमा शब्दमा गरिने परिवर्तनलाई के भनिन्छ ?
(क) सन्धि (ख) शब्द रुपायन
(ग) शब्द व्युत्पादन (घ) समास

५. भाषा सिकाइसँग सम्वन्धित भाषाविज्ञानको शाखा कुन हो ?
(क) भाषाशिक्षण (ख) कोशविज्ञान
(ग) शैलीविज्ञान (घ) कम्प्युटर भाषाविज्ञान

६. वाक्यमा प्रयोग भएका शब्दहरूको मेललाई के भनिन्छ ?
(क) सङ्गति (ख) शासन
(ग) सङ्केतात्मकता (घ) सम्वन्धात्मकता

७. भाषाको सवैभन्दा माथिल्लो एकाइ कुन हो ?
(क) अनुच्छेद (ख) उपवाक्य
(ग) सङ्कथन (घ) वाक्य

८. 'सामाजिकता' शव्दमा भाषाका कतिवटा रूप छन् ?
(क) तीन (ख) चार
(ग) एक (घ) दुई

९. श्रेणीवद्ध विपरीतार्थक शव्द कुन कुन हुन् ?
(क) फूल - गुलाफ (ख) सानो - ठूलो
(ग) उकालो - ओरालो (घ) डर - त्रास

१०. वर्ग अपरिवर्तक व्युत्पादनको अवस्था कुन हो ?
(क) खेल + आडी = खेलाडी (ख) घुम् + अन्ते =घुमन्ते
(ग) हाट+ इया = हटिया (घ) वर्ष + एनी = वर्षेनी